# पूर्वाञ्चल विश्वविद्यालय

## विज्ञान तथा प्रविधि संकाय

बिराटनगर, मोरङ्ग

**स्नातक तह/ PGDCA-IT /PGD-AI/ PGD-CS शैक्षिक कार्यक्रमको**

**छात्रवृत्ति प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना :**

**मितिः २०८२/०५/१० गते मंगलवार**

पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय अर्न्तगत आंगिक एवं सम्बन्धन प्राप्त स्कूल /क्याम्पस/कलेजहरुमा सञ्चालित स्नातक तहका Bachelor of Computer Application and Information Technology(BCA-IT), Bachelor in Information Technology (BIT), Bachelor of Technology in Artificial Intelligence (B.Tech. in AI), Bachelor of Science (Honours) in Agriculture (B.Sc.(Hons) Ag.), Bachelor of Science in Forestry (B.Sc. Forestry), Bachelor of Technology in Biotechnology (B.Tech. Biotech.), Bachelor of Technology in Food Technology (B.Tech. in food Technology), Bachelor of Science in Food, Nutrition & Dietetics (B.Sc. FND), Bachelor of Science in Biotechnology (B.Sc. Biotechnology) तथा Post Graduate Diploma in Computer Application and Information Technology (PGDCA-IT), Post Graduate Diploma in Artificial Intelligence ( PGD-AI), Post Graduate Diploma in Cyber Security (PGD-CS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ (सन् २०२५) का लागि संकाय डीनद्धारा लिइने छात्रवृत्ति प्रवेश परीक्षाको लागि अनलाईन (ONLINE) आवेदन आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा **Online Payment** मार्फत् आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैका लागि यसै सूचना मार्फज जानकारी गाराईन्छ ।

**तपसिल**

१. **ONLINE आवेदनका लागि Website:** https://pufost.edu.np OR https://entrance.pufost.edu.np OR https://entrance.puexam.edu.np

२. आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक): रु.१,५००।०० (एक हजार पाच सय मात्र)

३. दोब्बर दस्तुर (सेवा शुल्क वाहेक) रु.३,०००।०० (तीन हजार मात्र)

४. **आवेदन फाराम भर्ने सम्बन्धी अन्य व्यवस्था:**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरु छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम **तोकिएको दस्तुरमा मिति २०८२/०५/२४ गते मंलगवार सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/०५/२६** गते विहिवार सम्म आवश्यक कागजातहरुको सक्कल प्रति Scanned Copy Attach गरी JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ ।

(ख) स्कूल /क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्यरुपमा तोकिएको समयभित्र ONLINE रुजु (Verify) गर्नु पर्नेछ ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरु UPLOAD नगर्ने विद्यार्थीहरुको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरुको फारम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

५. **प्रवेश परीक्षा मिति र समय**

(क) प्रवेश परीक्षा हुने मितिः २०८२/०५/२८गते शनिवार

(ख) समयः बिहान ११:०० बजे देखि ०१:०० बजे सम्म ( २ घण्टा )

६. पू.वि प्रवेश परीक्षा, छात्रवृति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित छात्रवृत्तिका लागि आवेदन गर्न निम्न अनुसारको व्यवस्था रहेको छ । आरक्षित समूहमा आवेदन फाराम भर्ने विद्यार्थीहरुले आफूले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रुपले (V ) चिन्ह लगाउनु पर्नेछ । साथै, छात्रवृत्ति सम्बन्धी विनियमावली २०८२ मा उल्लेख भए बमोजिमका आवश्यक सम्पूर्ण सक्कल कागजातहरुको Scanned copy Attach गरी अनिवार्य रुपले JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ ।

७. विश्वविद्यालयद्वारा सम्बन्धित संकाय अन्तर्गतका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ ।

८. परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ ।

९. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

१० प्रवेश परीक्षाका लागि तोकिएको शुल्क तथा भुक्तानी अनलाइन मार्फत मात्र गर्नु पर्ने छ , अन्य किसीमले गरेको भुक्तानी मान्य हुने छैन ।

११. नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको (Equivalent Certificate Scan Copy) अनिवार्य पेश गर्नु पर्ने छ ।

१२. थप जानकारीका लागि संकायको वेवसाइट : https://pufost.edu.np वा कार्यालयको सम्पर्क नम्वर ९७७-२१-४६६५८८, ०२१-४६४७०७ मा सम्पर्क गर्न सकिन्छ ।

१३ विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका आंगिक एवं सम्बन्धन् प्राप्त शैक्षिक संस्थाहरु तपशिल बमोजिम रहेका छन् ।

**नोटः B.V.Sc. & A.H शैक्षिक कार्यकमको प्रवेश परीक्षा सम्बन्धी सुचना पछि प्रकाशन गरीने छ ।**

**उल्लेखित सूचनामा कुनै त्रुटी भएमा यसलाई सच्याउने सम्पूर्ण अधिकार प्रवेश परीक्षा समितिमा निहित रहनेछ ।**

**प्रवेश परीक्षा समिति**
**विज्ञान तथा प्रविधि संकाय**
**बिराटनगर**